नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना

### सूचना प्रकाशित मितिः २०८२/०१/०७

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सोउपर संलग्न ढाँचामा lawdrafting@moljpa.gov.np मा सात दिनभित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारण समक्ष अनुरोध छ।

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

## मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

- हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ मा निर्दोष सहयोगीमार्फत अपराध गराएको सम्बन्धी कुनै कानूनी व्यवस्था नरहेको हुँदा अब निर्दोष सहयोगी मार्फत कसैले अपराध गराउन कुनै जीवजन्तु, साधन वा कृत्रिम बुद्धिमता जस्ता निर्दोष सहयोगीको प्रयोग गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई निजले नै अपराध गरेको मानी सजाय गर्ने व्यवस्था थप गर्न,
- हाल पटके कसूर कायम गर्दा साविकमा सजाय भुक्तान गरेपछि पुनः अर्को कसूर गरेमा मात्र पटक कायम हुने व्यवस्था रहेकोमा सो व्यवस्था परिवर्तन गरी एउटा कसूरमा सजाय भएको व्यक्तिले पुनः कसूर गरेमा पटक कायम हुने व्यवस्था गर्न,
- पुरुषले बहुविवाह गरेमा सजाय हुने साविकको व्यवस्थालाई परिमार्जन गरी अब पुरुष वा महिला दुवैले बहुविवाह गर्न नपाउने व्यवस्था गर्न,
- साविकमा पुरुषले मात्र जबरजस्ती करणी गर्ने हुँदा पुरुषलाई मात्र सजायको व्यवस्था गरिएकोमा पुरुषले मात्र जबरजस्ती करणी गर्ने नभई महिलाबाट समेत जबरजस्ती करणी हुन सक्ने अवस्थालाई विचार गरी अब महिला तथा पुरुष दुवैलाई जबरजस्ती करणीमा सजाय हुने व्यवस्था गर्न,
- हालको कानूनी व्यवस्थामा Romeo Juliet clause नरहेको हुँदा अब ३ वर्ष उमेर अन्तर भएको र महिला वा पुरुष मध्ये एक जनाको उमेर १८ वर्ष भन्दा कम भएकोमा वैवाहिक सम्बन्ध कायम भई करणी भएकोमा सजाय गर्दा ३ वर्ष मात्र हुने व्यवस्था गर्न,
- बालबालिकालाई हुने सजायमा हाल दश वर्ष नपुगेको बालबालिकाले कसूर गरेमा निजलाई कुनै सजाय नहुने व्यवस्था गरिएकोमा सो उमेर बाह्र वर्ष कायम गर्न,
- हाल कायम रहेको गर्भपतन गराउन सकिने अवधि पच्चीस हप्तालाई संशोधन गरी अठ्ठाइस हप्ता बनाउने, जबरजस्ती करणी वा हाडनातामा करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराउन सक्ने व्यवस्थालाई संशोधन गरी गर्भवती महिलाको मञ्जुरीले निजको ज्यानमा खतरा नपुग्ने गरी जहिलेसुकै गर्भपतन गराउन सक्ने लगायतका व्यवस्था कायम गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

- नेपालको संविधानको धारा १८ को उपधारा (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने हक रहेकोमा प्रस्तुत विधेयकमा पुरुष वा महिला दुवैले बहुविवाह गर्न नपाउने, महिला तथा पुरुष दुवैलाई

जबरजस्ती करणीमा सजाय हुने लगायतका व्यवस्था गरी नागरिकको समानताको हकको प्रत्याभूति हुने,

- नेपालको संविधानको धारा ३८ को उपधारा (२) मा रहेको प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने व्यवस्थाको सुनिश्चितता हुने,
- नेपालको संविधानको धारा ३९ मा रहेको बालबालिकाको हकको प्रत्याभूति हुने,

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

- हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ बमोजिमका प्रक्रियालाई थप सरलीकृत गर्ने तथा व्यक्तिको मौलिक हक प्रचलनको लागि हाल कायम रहेकै व्यवस्थाबाट संशोधित व्यवस्था कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासल गर्न पुग्ने सहयोगः**

- दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं ५ मा उल्लिखित लैङ्गिक समानता हासिल गर्न र सबै महिला तथा बालिकाहरूलाई सशक्त बनाउन तथा लक्ष्य नं १६ मा उल्लिखित दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्न, सबैका लागि न्यायमा पहुँच प्रदान गर्न तथा सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्न प्रस्तुत विधेयकको व्यवस्थाले सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

- एउटा कसूरमा सजाय भएको व्यक्तिले पुनः कसूर गरेमा पटक कायम हुने व्यवस्था गर्दा फौजदारी न्याय प्रणालीको विकास अनुकूल हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

- नभएको।

**७. अन्य आवश्यक विषयः**

- विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेकोः-
  - मुलुकी अपराध संहिताको बहिर्क्षेत्रीय प्रयोग अन्तर्गत भ्रष्टाचार, विमान अपहरण वा नागरिक उड्डयनका सुरक्षा विरूद्धका कसूर, सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी, अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरूद्धका हिंसात्मक कसूर, अपहरण, शरीर बन्धक, लागू औषधको कारोबार लगायतका कसूर नेपाल बाहिर जहाँसुकै गरेको भए तापनि देहायको अवस्थामा त्यस्तो कसूर नेपाल भित्र नै भए वा गरे सरह सजाय गर्ने,
  - कसूरको गम्भीरता बढाउने अवस्थामा गर्भवती महिला विरुद्ध कसूर गरेको अवस्था थप गर्ने,

- सजायका प्रकार अन्तर्गत स्थानहदमा राख्ने व्यवस्था थप गर्ने,
- संहितामा कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको अनुचित दबाब दिने कार्यलाई कसूर कायम गर्ने,
- अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्ध हिंसात्मक कार्य गर्न वा गराउन नदिने,
- कुनै व्यक्तिको संवेदनशील अङ्गको दृश्यावलोकन वा छायाँङ्कन गर्न गर्ने कार्यलाई कसूर कायम गर्ने,
- कुनै व्यक्तिलाई अवाञ्छित हैरानी (स्टकिङ्ग) वा साइबर फिसिङ्ग वा ईम्पोष्टर स्क्याम वा साइबर बुलिङ्ग गरेमा कसूर कायम गर्ने।

# मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस संहिताको नाम "मुलुकी अपराध (पहिलो संशोधन) संहिता, २०८२" रहेको छ।

(२) यो संहिता तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुलुकी अपराध संहिता, २०७४ को दफा २ मा संशोधनः** मुलुकी अपराध संहिता, २०७४ (यसपछि "मूल संहिता" भनिएको) को दफा २ को,-

(१) उपदफा (१) को खण्ड (ग) मा रहेका "१६७" भन्ने शब्दहरूको सट्टा "नेपाली नागरिकका विरुद्ध भएको दफा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस संहिता वा अन्य प्रचलित कानून बमोजिम भ्रष्टाचार, विमान अपहरण वा नागरिक उड्डयनका सुरक्षा विरूद्धका कसूर, सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी, अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरूद्धका हिंसात्मक कसूर, अपहरण, शरीर बन्धक, लागू औषधको कारोबार, साइबर अपराध, मानव बेचबिखन तथा ओसारपसार वा अन्य कुनै सङ्गठित अपराध वा यातना सम्बन्धी कसूर उपदफा (२) बमोजिमको अवस्थामा रहेको वायुयान वा जलयानभित्र वा नेपाल बाहिर जहाँसुकै गरेको भए तापनि देहायको अवस्थामा त्यस्तो कसूर नेपाल भित्र नै भए वा गरे सरह यस संहिता वा प्रचलित कानून बमोजिम सजाय हुनेछः-

(क) नेपाली नागरिक वा नेपालमा स्थायी बसोबास गरेको व्यक्तिले कसूर गरेकोमा,

(ख) नेपाल, नेपाली नागरिक वा नेपालमा स्थायी बसोबास गर्ने व्यक्ति वा नेपालको कुनै पनि सङ्गठित संस्था त्यस्तो कसूरबाट पीडित भएमा वा त्यस्ता व्यक्तिका विरुद्ध कसूर भएमा,

(ग) खण्ड (क) वा (ख) मा उल्लेख भएकोमा बाहेक अन्य कुनै व्यक्तिले त्यस्तो कुनै कसूर गरी नेपालमा प्रवेश गरेको भएमा।"

३. **मूल संहिताको दफा ३ मा संशोधनः** मूल संहिताको दफा ३ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) "कसूरदार" भन्नाले यो संहिता वा प्रचलित कानून बमोजिमको कसूरमा अदालतबाट दोषी ठहर भएको व्यक्ति सम्झनु पर्छ।"

४. **मूल संहितामा दफा १३क. थपः** मूल संहिताको दफा १३ पछि देहायको दफा १३क. थपिएको छः-

"१३क. <u>निर्दोष सहयोगीबाट गरेको काम कसूर नहुने</u>ः निर्दोष सहयोगी (इनोसेन्ट एजेन्ट) ले गरेको कुनै कामलाई कसूर मानिने छैन।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तर कुनै व्यक्तिले निर्दोष सहयोगी मार्फत कसूर गराएकोमा निजले आफैं कसूर गरे सरह मानिनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "निर्दोष सहयोगी" भन्नाले कसैले कुनै आपराधिक कार्य गर्न गराउन प्रयोग गरिएको कुनै व्यक्ति, जीव जन्तु, पशु, पंक्षी, साधन, यन्त्र वा कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स) सम्झनु पर्छ।"

५. **मूल संहिताको दफा ३१ मा संशोधनः** मूल संहिताको दफा ३१ को दफा शीर्षकमा रहेका "सबै सदस्यलाई" भन्ने शब्दहरूको सट्टा "सबै व्यक्तिलाई" भन्ने शब्दहरू राखी सोही दफामा रहेका "समूहका सबै सदस्यलाई" भन्ने शब्दहरूको सट्टा "सो समूहका सबै व्यक्तिलाई" भन्ने शब्दहरू राखिएका छन्।

६. **मूल संहिताको दफा ३३ मा संशोधनः** मूल संहिताको दफा ३३ को उपदफा (३) मा रहेका "यस संहितामा" भन्ने शब्दहरूको सट्टा "यस संहिता वा अन्य प्रचलित कानूनमा" भन्ने शब्दहरू राखिएका छन्।

७. **मूल संहिताको दफा ३४ मा संशोधनः** मूल संहिताको दफा ३४ को उपदफा (३) मा रहेका "यस संहितामा अन्यथा व्यवस्था भएकोमा" भन्ने शब्दहरूको सट्टा "यस संहिता वा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल संहिताको दफा ३५ मा संशोधनः** मूल संहिताको दफा ३५ को उपदफा (३) मा रहेका "यस संहितामा" भन्ने शब्दहरूको सट्टा "यस संहिता वा अन्य प्रचलित कानूनमा" भन्ने शब्दहरू राखिएका छन्।

९. **मूल संहिताको दफा ३७ मा संशोधनः** मूल संहिताको दफा ३७ मा रहेका "यस संहितामा" भन्ने शब्दहरूको सट्टा "यस संहिता वा अन्य प्रचलित कानूनमा" भन्ने शब्दहरू राखिएका छन्।

१०. **मूल संहिताको दफा ३८ मा संशोधनः** मूल संहिताको दफा ३८ को,-

(१) दफा शीर्षक पछि रहेका "यस संहिताको प्रयोजनको लागि" भन्ने शब्दहरू झिकिएका छन्।

(२) खण्ड (ज) मा रहेका "दैवी प्रकोप भएको महामारी फैलिएको," भन्ने शब्दहरूको सट्टा "विपद् परेको वा सङ्क्रामक रोग फैलिई महामारी भएको," भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (फ) मा रहेका "वा सङ्गठित" भन्ने शब्दहरू झिकिएका छन्।

(४) खण्ड (ब) पछि देहायको खण्ड (ब१) थपिएको छः-

"(ब१) गर्भवती महिला विरुद्ध कसूर गरेको,"

११. **मूल संहिताको दफा ३९ मा संशोधनः** मूल संहिताको दफा ३९ मा रहेका "यस संहिताको प्रयोजनको लागि" भन्ने शब्दहरू झिकिएका छन्।

१२. **मूल संहिताको दफा ४० मा संशोधनः** मूल संहिताको दफा ४० को उपदफा (१) को,-

(१) खण्ड (ङ) झिकिएको छ।

(२) खण्ड (छ) को अन्तिममा "वा स्थानहद" भन्ने शब्दहरू थपिएका छन्।

१३. **मूल संहिताको दफा ४२ मा संशोधनः** मूल संहिताको दफा ४२ को सट्टा देहायको दफा ४२ राखिएको छः-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"४२. <u>जन्मकैदको गणना:</u> (१) दफा ४१ मा उल्लिखित अवस्थामा बाहेक जन्मकैदको सजाय गणना गर्दा पच्चीस वर्ष कैद सजाय हुने गरी गणना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम कैदमा रहेको कसूरदारले तीस वर्ष कैद भुक्तान गरेपछि निजको चालचलनमा सुधार आएको देखिएमा प्यारोल बोर्डको सिफारिसमा अदालतले प्यारोलमा राख्न अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्यारोलमा राखिएको व्यक्तिले शर्त पालना नगरेमा पुनः कैदमा राख्नु पर्ने र अदालतले प्यारोलमा राख्न अस्वीकार गरेकोमा तीन वर्ष पछि पुनः प्यारोलमा राख्ने गरी सिफारिस गर्न बाधा पुगेको मानिने छैन।"

**१४. <u>मूल संहिताको दफा ४४ मा संशोधन:</u>** मूल संहिताको दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छः-

"४४. <u>थप सजाय हुने:</u> (१) जघन्य वा गम्भीर कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजाय बराबर थप सजाय हुनेछ।

(२) उपदफा (१) बमोजिमको कसूर बाहेक अन्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भएको पाँच वर्षभित्र अर्को कसूर गरेमा निजलाई पछिल्लो पटक गरेको सजाय बराबर थप सजाय हुनेछ।

तर जन्मकैदको सजाय पाएको कसूरदारको हकमा यो दफा लागू हुने छैन।"

**१५. <u>मूल संहिताको दफा ४५ मा संशोधन:</u>** मूल संहिताको दफा ४५ को,-

(१) उपदफा (१) मा रहेका "दश वर्ष" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "दश वर्ष वा दश वर्षभन्दा" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्ष वा बाह्र वर्षभन्दा" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपदफा (३) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको आधा सजाय गर्दा पाँच वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिने छैन।"

(४) उपदफा (४) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको दुई तिहाई सजाय गर्दा सात वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिने छैन।"

**१६. <u>मूल संहिताको दफा ४६ मा संशोधन:</u>** मूल संहिताको दफा ४६ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) कैद र जरिबाना दुवै सजाय हुने ठहर भएको कसूरमा जरिबाना बापत कैद सजाय गर्दा त्यस्तो कसूरमा हुन सक्ने कैदको उपल्लो हद भन्दा बढी नहुने गरी कैद गर्नु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तर जरिबाना बापत कैद गर्दा दश वर्ष भन्दा बढी गरिने छैन र कैद र जरिबाना समेत गरी पच्चीस वर्ष भन्दा बढी कैद हुने छैन।"

१७. **<u>मूल संहिताको दफा ४८ मा संशोधनः</u>** मूल संहिताको दफा ४८ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो आदेश बमोजिम अभियोग लागेको व्यक्तिले कसूरबाट पीडित व्यक्तिलाई औषधोपचार खर्च वा अन्तरिम रूपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन सक्नेछ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको आदेश भएमा" भन्ने शब्दहरूको सट्टा "उपदफा (१क) बमोजिम अभियोग लागेको व्यक्तिले त्यस्तो औषधी उपचार खर्च, अन्तरिम क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन इन्कार गरेमा वा उपलब्ध नगराएमा वा उपलब्ध गराउन नसकेमा अदालतको आदेश बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (४) मा रहेका "जुनसुकै जायजेथाबाट" भन्ने शब्दहरूको सट्टा "कसूरदारको अंश लाग्ने वा हक पुग्ने जुनसुकै सम्पत्तिबाट" भन्ने शब्दहरू राखिएका छन्।

१८. **<u>मूल संहितामा दफा ४८क. र ४८ख. थपः</u>** मूल संहिताको दफा ४८ पछि देहायका दफा ४८क. र ४८ख. थपिएका छन्:-

"४८क. <u>अनुचित दवाब दिन नहुनेः</u> (१) कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी वा कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुनको लागि दबाब दिन वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवारको सदस्यबीच अनुचित दबाब दिई मेलमिलाप वा मिलापत्र गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरे वा गराएमा निजलाई उपदफा (२) बमोजिम हुने सजायमा थप छ महिना कैद सजाय हुनेछ।

४८ख. <u>कसूर गरी प्राप्त गरेको सम्पत्ति लिन नहुनेः</u> (१) कुनै कसूर गरी प्राप्त गरेको सम्पत्ति हो भन्ने जानीजानी वा विश्वास हुने कुनै मनासिब कारण भई कसैले कुनै सम्पत्ति लिन, राख्न वा खरीद बिक्री गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

१९. **<u>मूल संहिताको दफा ४९ मा संशोधनः</u>** मूल संहिताको दफा ४९ को उपदफा (१) मा रहेका "राष्ट्रिय एकतामा खलल पार्ने" भन्ने शब्दहरूपछि "नेपालको संविधान, लोकतान्त्रिक गणतन्त्र वा नेपालको संविधानको आधारभूत संरचना विरुद्धमा विद्रोह गर्ने, गराउने वा बल प्रयोग गर्ने वा व्यवस्था समाप्त गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

२०. **<u>मूल संहितामा दफा ५४क. थपः</u>** मूल संहिताको दफा ५४ पछि देहायको दफा ५४क. थपिएको छः-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"५४क. <u>अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्ध हिंसात्मक कार्य गर्न नहुने:</u> (१) कसैले अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्ध हिंसात्मक कार्य गर्न वा गराउन हुँदैन।

<u>स्पष्टीकरण</u>ः यस दफाको प्रयोजनको लागि "अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति" भन्नाले संवत् २०३० साल मंसिर २९ गते शुक्रबार तदनुसार १४ डिसेम्बर, १९७३ का दिन संयुक्त राष्ट्र संघीय महासभाबाट पारित भई हस्ताक्षरको लागि खुला भएको कूटनैतिक प्रतिनिधि लगायत अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्धका अपराध निवारण तथा सजायका सम्बन्धमा व्यवस्था भएको महासन्धि (कन्भेन्सन अन दि प्रिभेन्सन एण्ड पनिशमेन्ट अफ क्राईम्स एगेन्स्ट इन्टरनेशनल्ली प्रोटेक्टेड पर्सन्स इन्क्लुडिङ्ग डिप्लोमेटिक एजेन्ट्स) बमोजिम परिभाषित अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) को प्रयोजनका लागि कसैले अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्ध देहायको कुनै कसूर गरेमा निजले त्यस्ता व्यक्ति विरुद्ध हिंसात्मक कसूर गरेको मानिनेछः-

(क) नियतपूर्वक ज्यान मारेमा,
(ख) शारीरिक अङ्गभङ्ग वा कुटपिट गरेमा,
(ग) अपहरण गरेमा वा शरीर बन्धक लिएमा,
(घ) कार्यालय वा निजी वासस्थान परिसर वा सवारी साधनमा आक्रमण गरेमा,
(ङ) खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको कुनै कसूर गर्ने धम्की दिएमा।

(३) उपदफा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर भए जन्मकैद,
(ख) खण्ड (ख) बमोजिमको कसूर भए दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिबाना,
(ग) खण्ड (ग) बमोजिमको कसूर भए सात वर्षदेखि दश वर्षसम्म कैद,
तर, अपहरण गरी शरीर बन्धक लिएको भए दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद हुनेछ।
(घ) खण्ड (घ) बमोजिमको कसूर भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,
(ङ) खण्ड (ङ) बमोजिमको कसूर भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना।

(४) यस दफा बमोजिमको कसूर भएकोमा त्यस्तो कसूर बापत यस संहिता वा अन्य प्रचलित कानून बमोजिम बढी सजाय हुने अवस्था रहेछ भने सोही बमोजिम सजाय हुनेछ।"

२१. **<u>मूल संहिताको दफा ६२ मा संशोधनः</u>** मूल संहिताको दफा ६२ को दफा शीर्षक र अन्य ठाउँ ठाउँमा रहेको "सदस्यले" भन्ने शब्दको सट्टा "व्यक्तिले" भन्ने शब्द राखिएको छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२२. **मूल संहिताको दफा १०६ मा संशोधनः** मूल संहिताको दफा १०६ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर कसैको ज्यान जान सक्ने अवस्था रहेछ भने दफा १०४ बमोजिमको सजाय हुनेछ।"

२३. **मूल संहितामा दफा ११०क. थपः** मूल संहिताको दफा ११० पछि देहायको दफा ११०क. थपिएको छः-

"११०क. अस्वभाविक मूल्य लिई बिक्री वितरण गर्न नहुनेः (१) कसैले कुनै वस्तु निजले खरिद गरेको मूल्यभन्दा अस्वभाविक रूपमा बढी मूल्यमा बिक्री वितरण गर्न गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिम वस्तु बिक्री गर्ने गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार जरिवाना गरिनेछ र पीडित व्यक्तिलाई पाँच लाखसम्म क्षतिपूर्ति भराइ दिनु पर्नेछ।"

२४. **मूल संहिताको दफा ११९ मा संशोधनः** मूल संहिताको दफा ११९ को दफा शीर्षक र उपदफा (१) मा रहेको "वेश्यागमन" भन्ने शब्दको सट्टा "आर्थिक वा अन्य लेनदेनको आधारमा करणी लिनेदिने कार्यको" भन्ने शब्दहरू राखिएका छन्।

२५. **मूल संहिताको दफा १२० मा संशोधनः** मूल संहिताको दफा शीर्षक र उपदफा (१) मा रहेका "वेश्यावृत्ति वा वेश्यागमन" भन्ने शब्दहरूको सट्टा "आर्थिक वा अन्य लेनदेनको आधारमा करणी लिनेदिने कार्य वा पेसाको" भन्ने शब्दहरू राखिएका छन्।

२६. **मूल संहितामा दफा १२१क. थपः** मूल संहिताको दफा १२१ पछि देहायको दफा १२१क. थपिएको छः-

"१२१क. संवेदनशील अङ्गको दृश्यावलोकन वा छायाँङ्कन गर्न नहुनेः (१) कसैले कुनै व्यक्तिको नियमित दिनचर्याको सिलसिलामा भित्री पोशाक खोल्नु पर्ने अवस्थामा निजको स्वीकृति वा मञ्जुरी बिना त्यस्तो व्यक्तिको कुनै पनि संवेदनशील अङ्गको दृश्यावलोकन (भ्वायर) गर्न वा निजले प्रयोग गर्ने शौचालय, स्नानकक्ष, शयनकक्ष वा पोशाक परिवर्तन कक्ष (चेन्जिङ्ग रुम) मा चियाई दृश्यावलोकन गर्न वा क्यामेरा जडान गरी अन्य कुनै किसिमले निजको कुनै संवेदनशील अङ्गको तस्वीर लिन वा छायाँङ्कन गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) उपदफा (१) बमोजिम लिइएको तस्वीर वा छायाँङ्कनको दृश्य देखाई सम्बन्धित व्यक्तिबाट कुनै अनुचित लाभ लिएमा वा त्यस्तो दृश्य तेस्रो पक्षलाई वितरण वा सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गरे वा गराएमा तीन वर्ष सम्म कैद र तीसहजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको स्वीकृति वा मञ्जुरी लिएर त्यस्तो तस्वीर लिएको वा छायाँङ्कन गरिएकोमा त्यस्तो व्यक्तिको स्वीकृति वा मञ्जुरी बिना त्यस्तो तस्वीर वा छायाँङ्कन सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गरे वा गराएमा एक वर्षसम्म कैद वा दश हजार रुपैँयासम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२७. **<u>मूल संहिताको दफा १२७ मा संशोधनः</u>** मूल संहिताको दफा १२७ मा रहेका "११८ र" भन्ने शब्दहरूको सट्टा "११८, १२१क. र" भन्ने शब्दहरू राखिएका छन्।

२८. **<u>मूल संहिताको दफा १३१ मा संशोधनः</u>** मूल संहिताको दफा १३१ को उपदफा (३) मा रहेका "सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

२९. **<u>मूल संहिताको दफा १३२ मा संशोधनः</u>** मूल संहिताको दफा १३२ को दफा शीर्षक र उपदफा (१) मा रहेको "हातहतियार" भन्ने शब्दपछि "वा खरखजाना" भन्ने शब्दहरू थपिएका छन्।

३०. **<u>मूल संहिताको दफा १३३ मा संशोधनः</u>** मूल संहिताको दफा १३३ को दफा शीर्षकमा रहेका "हातहतियार खरखजाना" भन्ने शब्दहरूको सट्टा "हातहतियार वा खरखजाना" भन्ने शब्दहरू राखी सोही दफाको उपदफा (३) मा रहेका "हातहतियार तथा खरखजाना" भन्ने शब्दहरूको सट्टा "हातहतियार वा खरखजाना" भन्ने शब्दहरू राखिएका छन्।

३१. **<u>मूल संहिताको दफा १३८ मा संशोधनः</u>** मूल संहिताको दफा १३८ को,-

(१) उपदफा (१) को स्पष्टीकरणको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "विष्फोटक पदार्थ" भन्नाले आई. इ. डी., आर. डी. एक्स., टि. एन. टि., पी. इ. टि. एन., डाईनामाईड, जिलेटिन, टी. एन. सी., नाईट्रोग्लिसिरिन, नाईट्रोसेलुलोज (गनकटन), नाईट्रोमिथेन, एच. एम. एक्स., टेट्राईल, एन्फो, पिकरिक एसिड, लिड अजाईड, मर्करी फल्मिनेट जस्ता विष्फोटन हुन सक्ने, गराउन सकिने वा विष्फोटन भई क्षति पु¥याउने कुनै पनि पदार्थ वा अन्य कुनै धातुको फल्मिनेट, ब्लास्टिङ्ग क्याप, डेट कर्ड, बुस्टर, बारुद (ब्लाक पाउडर/गन पाउडडर), पाईरोडेक्स, फोटोफ्लास पाउडर, सेफ्टी फ्यूज, आतसबाजी, पटाका र सोही प्रकृतिको विष्फोटन हुने अन्य कुनै पनि कडा वा नरम प्रकृतिको विष्फोटक पदार्थ वा विष्फोटक पदार्थहरूको मिश्रण सम्झनु पर्छ र सो शब्दले बम र विष्फोटक पदार्थ बनाउन प्रयोग हुने कुनै पनि पदार्थ, उपकरण, मेसिन, सामग्री र संयन्त्र तथा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै पदार्थलाई समेत जनाउँछ।"

(२) उपदफा (२) को स्पष्टीकरणको खण्ड (१) र (२) को सट्टा देहायका खण्ड (१) र (२) राखिएका छन्ः-

"(१) "कडा विष्फोटक (हाई एक्सप्लोसिभ) पदार्थ भन्नाले" आर. डी. एक्स., टि. एन. टि., पी. इ. टि. एन., डाईनामाईड, जिलेटिन, टी. एन. सी., नाईट्रोग्लिसिरिन, नाईट्रोमिथेन, एच. एम. एक्स., टेट्राईल, एन्फो, पिकरिक एसिड, लिड अजाईड, मर्करी फल्मिनेट वा अन्य कुनै धातुको फल्मिनेट, ब्लास्टिङ्ग क्याप, डेट कर्ड, बुस्टर वा उच्चकोटीको विष्फोटक पदार्थहरूको मिश्रण वा उच्चकोटीको विष्फोटक पदार्थहरू प्रयोग गरी बनाइएको आ. ई. डी. र त्यस्तै प्रकृतिको अन्य विष्फोटक पदार्थ सम्झनु पर्छ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) "नरम विष्फोटक (लो एक्सफ्लोसिभ) पदार्थ" भन्नाले नाईट्रोसेलुसन (गनकटन), वारुद (ब्लाक पाउडर/गनपाउडर), पाईरोडेक्स, फोटोफ्लास पाउडर, सेफ्टी फ्यूज, प्रोपेलेंट, निम्नकोटीको विष्फोटक पदार्थहरूको मिश्रण वा निम्नकोटीको विष्फोटक पदार्थहरू प्रयोग गरी बनाइएको आ. ई. डी. र त्यस्तै प्रकृतिको अन्य विष्फोटक पदार्थ सम्झनु पर्छ।"

३२. **<u>मूल संहिताको दफा १६८ मा संशोधनः</u>** मूल संहिताको दफा १६८ को उपदफा (४) मा रहेका "तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरूको सट्टा "छ महिनासम्म कैद वा छ हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन्।

३३. **<u>मूल संहिताको दफा १७२ मा संशोधनः</u>** मूल संहिताको दफा १७२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) बमोजिमको विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिबाना र विवाह गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैंयसम्म जरिबाना हुनेछ र त्यस्तो विवाह स्वतः बदर हुनेछ।"

३४. **<u>मूल संहिताको दफा १७३ मा संशोधनः</u>** मूल संहिताको दफा १७३ को सट्टा देहायको दफा १७३ राखिएको छः-

"१७३. <u>उमेर नपुगी विवाह गर्न नहुनेः</u> (१) विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) विपरीत विवाह गर्ने गराउनेलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) सोह्र वर्षभन्दा कम उमेरका व्यक्तिको विवाह गरे वा गराएमा तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना,

(ख) सोह्र वर्षभन्दा माथि अठार वर्षभन्दा कम उमेरका व्यक्तिबीच विवाह गरे वा गराएमा एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना,

(ग) अठार वर्षभन्दा माथि बीस वर्षसम्मका उमेरका व्यक्तिबीच विवाह गरे वा गराएमा पाँच हजार रूपैयाँसम्म जरिबाना।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम सजाय भएमा विवाह स्वतः बदर हुनेछ।

(४) उपदफा (२) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष भन्दा माथि उमेर भएका व्यक्तिले आपसी मञ्जुरीमा विवाह गरेकोमा त्यस्ता व्यक्ति बीस वर्ष उमेर नपुगेसम्म अलग अलग बस्न मञ्जुर भएमा निजलाई अनुसन्धान अधिकारीले कागज गराई छोड्न सक्नेछ।

(५) उपदफा (२) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो बमोजिमको विवाह भएको व्यक्तिले बीस वर्ष उमेर पूरा भएपछि विवाह बदर गराउन चाहेमा बीस वर्ष पुगेको मितिले पैंतिस दिनभित्र विवाह बदर गर्न सक्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बच्चाको जन्म भै सकेको वा पत्नी गर्भवति भएमा विवाह बदर हुने छैन।"

**३५. <u>मूल संहिताको दफा १७५ मा संशोधनः</u>** मूल संहिताको दफा १७५ को,-

(१) उपदफा (१) मा रहेका "विवाहित पुरूषले" भन्ने शब्दहरूको सट्टा "कुनै पनि विवाहित व्यक्तिले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) झिकिएको छ।

(३) उपदफा (३) मा रहेको "उपदफा (१) वा (२) मा" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) मा" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (५) को अन्त्यमा "त्यसरी विवाह बदर भए पछि अर्को विवाह गरी आउने महिला वा पुरुषको स्थिति विवाह पूर्वको कायम हुनेछ।

तर झुक्याई वा ढाँटी विवाह गरेको ठहरेमा अदालतले त्यस्तो व्यक्तिलाई झुक्याउने व्यक्तिबाट मनासिब क्षतिपूर्ति समेत भराइदिनु पर्नेछ।" भन्ने शब्दहरू थपिएका छन्।

**३६. <u>मूल संहिताको दफा १७७ मा संशोधनः</u>** मूल संहिताको दफा १७७ को उपदफा (१) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-

"<u>स्पष्टीकरणः</u> यस परिच्छेदको प्रयोजनको लागि कसैले कसैलाई निजको ज्यान मर्न सक्ने गरी शारीरिक चोट वा क्षति पुऱ्याएकोमा तत्कालै ज्यान नमरी सोही चोटको परिणाम स्वरुप निरन्तर थलिएर ज्यान मरेमा पनि सोही व्यक्तिले ज्यान मारेको मानिनेछ।"

**३७. <u>मूल संहिताको दफा १८४ मा संशोधनः</u>** मूल संहिताको दफा १८४ को उपदफा (३) मा रहेका "सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

**३८. <u>मूल संहिताको दफा १८५ मा संशोधनः</u>** मूल संहिताको दफा १८५ को सट्टा देहायको दफा १८५ राखिएको छः-

"१८५. <u>आत्महत्या गर्न दुरुत्साहन दिन नहुनेः</u> (१) कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन हुँदैन।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "आत्महत्या गर्न दुरुत्साहन दिन" भन्नाले कसैले कसैलाई आत्महत्या गर्नु पर्ने परिस्थिति उत्पन्न हुने गरी उक्साएमा वा बाध्यात्मक अवस्थाको सृजना गरेमा आत्महत्या गर्न दुरुत्साहन दिएको मानिनेछ।

तर कानूनी कर्तव्यको पालना गरेको कारणले कसैले आत्महत्या गरेमा सो कार्यलाई यस दफा बमोजिम आत्महत्या गर्न दुरुत्साहन दिएको मानिने छैन।

(२) कसैले परस्पर सहमतिमा सामूहिक रुपमा आत्महत्या गर्ने वा एकले अर्कालाई मार्ने कार्य गर्न वा गराउन हुँदैन।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(४) उपदफा (२) बमोजिम कसैको ज्यान गएको रहेछ भने त्यस्तो आत्महत्या गर्न दुरुत्साहन दिने व्यक्तिलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद सजाय हुनेछ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

३९. **<u>मूल संहिताको दफा १८८ मा संशोधनः</u>** मूल संहिताको दफा १८८ को ठाउँ ठाउँमा रहेका "पच्चीस हप्ता" भन्ने शब्दहरूको सट्टा "अठ्ठाइस हप्ता" भन्ने शब्दहरू राखिएका छन्।

४०. **<u>मूल संहिताको दफा १८९ मा संशोधनः</u>** मूल संहिताको दफा १८९ को,-

(१) खण्ड (ख) मा रहेका "मञ्जुरीले गर्भपतन गराएकोमा" भन्ने शब्दहरूको सट्टा "मञ्जुरीले जहिलेसुकै गर्भपतन गराएकोमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ग) मा रहेका "अठार हप्तासम्ममको गर्भ गर्भवती महिलाको मञ्जुरीले" भन्ने शब्दहरूको सट्टा "गर्भ गर्भवती महिलाको मञ्जुरीले निजको ज्यानमा खतरा नपुग्ने जहिलेसुकै" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (घ) मा रहेका "महिलाको मञ्जुरीले" भन्ने शब्दहरू पछि "निजको ज्यानमा खतरा नपुग्ने देखिएमा जहिलेसुकै" भन्ने शब्दहरू राखिएका छन्।

४१. **<u>मूल संहिताको दफा १९२ मा संशोधनः</u>** मूल संहिताको दफा १९२ को,-

(१) उपदफा (२) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) मा लेखिए बाहेक कसैको मेरुदण्ड, डडाल्नु, करङ्ग, हात, गोडा वा अन्य कुनै मानव अङ्गले स्वभाविक रूपमा गर्नुपर्ने आफ्नो काम गर्न वा अन्य पेशागत काम गर्न नसक्ने गरी काटी, भाँची, फोरी, झिकी, जलाई, फुकाली वा अन्य कुनै किसिमले बेकम्मा पारिदिएमा,"

(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (२) को खण्ड (च) बमोजिमको कसूर गरेमा, कसैको दुवै आँखा फोरी दृष्टिविहीन बनाइदिएमा वा महिलाको दुवै स्तन काटी बेकम्मा पारिदिएमा पन्ध्र वर्षसम्म कैद र एकलाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।"

४२. **<u>मूल संहिताको दफा २११ मा संशोधनः</u>** मूल संहिताको दफा २११ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।"

४३. **<u>मूल संहिताको दफा २१२ मा संशोधनः</u>** मूल संहिताको दफा २१२ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।"

४४. **<u>मूल संहिताको दफा २१३ मा संशोधनः</u>** मूल संहिताको दफा २१३ को सट्टा देहायको दफा २१३ राखिएको छः-

"२१३. <u>अपहरण वा शरीर बन्धक लिएमा हुने सजायः</u> (१) कसैले ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जवर्जस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, मानिस बिक्री गर्ने वा दास बनाउने वा इच्छा विरुद्ध जवर्जस्ती काममा लगाउने, वेश्यावृत्तिमा लगाउने, यातना दिने, कुनै काम गर्न

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

वा गराउन बाध्य गराउने, मुक्ति रकम लिने वा प्रचलित कानून बमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले दफा २११ वा २१२ बमोजिमको काम गरे वा गराएको भए सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) दफा २११ बमोजिम अपहरण गरी दफा २१२ बमोजिम शरीर बन्धक लिने व्यक्तिलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाखदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।"

४५. **<u>मूल संहिताको दफा २१४ मा संशोधनः</u>** मूल संहिताको दफा २१४ को,-

(१) दफा शीर्षकमा रहेका "थप सजाय हुने" भन्ने शब्दहरूको सट्टा "अपहरण गरी शरीर बन्धक लिएमा हुने सजाय" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) झिकिएको छ।

(३) उपदफा (३) मा रहेका "सङ्गठित रूपमा" भन्ने शब्दहरूको सट्टा "तीन वा तीन भन्दा बढी व्यक्तिहरू मिली" भन्ने शब्दहरू राखिएका छन्।

४६. **<u>मूल संहितामा दफा २१६क. थपः</u>** मूल संहिताको दफा २१६ पछि देहायको दफा २१६क. थपिएको छः-

"२१६क. <u>कुनै किसिमको रकम, लाभ, सुविधा वा फिरौती फिर्ता गर्नु पर्नेः</u> यस परिच्छेद अन्तर्गतको कसूर गर्ने वा गराउने व्यक्तिले पीडितबाट कुनै किसिमको रकम, लाभ, सुविधा वा फिरौती लिएको रहेछ भने त्यस्तो रकम, लाभ, सुविधा वा फिरौती पीडितलाई वा निजको मृत्यु भएकोमा निजको हकवालालाई फिर्ता गराई दिनु पर्नेछ।"

४७. **<u>मूल संहिताको दफा २१९ मा संशोधनः</u>** मूल संहिताको दफा २१९ को सट्टा देहायको दफा २१९ राखिएको छः-

“२१९. <u>जबर्जस्ती करणी गर्न नहुने</u>ः (१) कसैले जबर्जस्ती करणी गर्न हुँदैन।

(२) कसैले कुनै व्यक्तिलाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालबालिकालाई करणी गरेमा निजले त्यस्तो व्यक्ति वा बालबालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ।

<u>स्पष्टीकरण</u>ः यस परिच्छेदको प्रयोजनको लागि,-

(क) कुनै व्यक्तिको स्वतन्त्र सहमति नभएको अवस्थामा करणी भएमा पनि जबरजस्ती करणी गरेको मानिनेछ।

यस दफाको प्रयोजनको लागि "स्वतन्त्र सहमति" भन्नाले सहमति दिन सक्ने क्षमता भएको कुनै व्यक्तिले स्वेच्छिक तथा स्वतन्त्रपूर्वक करणी गर्ने कार्यका लागि दिएको सहमति भन्ने सम्झनु पर्छ।

तर करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको सहमति, होस ठेगानमा नरहेको अवस्थामा लिएको सहमति र नशालु पदार्थ सेवन गराई

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

लिएको सहमति तथा प्रतिरूपण (इमपरसोनेसन)को अवस्थामा लिएको सहमतिलाई स्वतन्त्र सहमति मानिने छैन।

(ख) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक शरीरको कुनै अङ्ग वा अन्य कुनै वस्तु योनी वा गुदद्वारमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ।

(३) जबरजस्ती करणी गर्ने व्यक्तिलाई देहाय बमोजिमको कैद हुनेछः-

(क) योनी वा गुदद्वारमा लिङ्ग प्रवेश गरी जबरजस्ती करणी गरेमा जबरजस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति, पीडितको उमेर हेरी देहाय बमोजिम कैद हुनेछः-

(१) दश वर्षभन्दा कम उमेरका बालबालिका, पूर्ण अशक्त अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका व्यक्ति भए बीस वर्ष देखि पच्चिस वर्षसम्म,

<u>स्पष्टीकरण</u>ः "पूर्ण अशक्त अपाङ्गता" भन्नाले बौद्धिक वा मानसिक अपाङ्गताका कारण आफ्नो विवेक प्रयोग गरी आफूले गरेको कार्यको परिणामका बारेमा थाहा पाउन नसक्ने, शारीरिक तथा मानसिक अपाङ्गताका कारण आफ्नो बचाउ गर्न नसक्ने व्यक्ति भन्ने बुझिन्छ।

(२) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरका बालबालिका भए पन्ध्र वर्षदखि बीस वर्षसम्म,

(३) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरका बालबालिका भए दश वर्षदेखि पन्ध्र वर्षसम्म,

(४) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरका बालबालिका भए आठ वर्षदेखि बाह्र वर्षसम्म,

(५) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरका व्यक्ति भए सात वर्षदेखि दश वर्षसम्म।

(ख) मुखमा लिङ्ग पसाएमा, लिङ्ग बाहेक शरीरका अन्य कुनै भाग वा वस्तु योनी वा गुद्बादारमा प्रवेश गराएमा जुनसुकै उमेर भए तापनि पाँच देखि दश वर्षसम्म कैद हुनेछ।

(ग) प्रलोभन देखाई, अनुचित प्रभाव वा झुक्यानमा पारी तथा प्रतिरूपण गरी जबरजस्ती करणी गरेमा जबरजस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति, पीडितको उमेर हेरी देहाय बमोजिम कैद हुनेछः-

(१) सोह्र वर्षभन्दा कम उमेर भएमा जबरजस्ती करणीको कसूरमा हुने पूरै सजाय,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) सोह्र वर्षदेखि अठार वर्षसम्मको उमेर भएमा सात देखि दश वर्ष कैद,

(३) अठार वर्ष भन्दा माथिको व्यक्ति भएमा पाँच वर्ष देखि आठ वर्ष।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडित र प्रतिवादी दुवै नाबालक भएमा र निजहरूबीचको उमेरको अन्तर तीन वर्ष वा सो भन्दा कम भएमा निजहरूबीच सहमतिमा करणी भएकोमा तीन वर्षसम्म सजाय हुनेछ र सोह्र वर्ष उमेर पूरा भई १८ वर्ष पूरा नभएको व्यक्तिलाई सहमतिमा करणी भएमा जबरजस्ती करणीको कसूरमा हुने आधा सजाय हुनेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफूलाई मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) वा सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै कसैले जवर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा देहाय बमोजिमको थप सजाय समेत हुनेछः—

(क) मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए दफा १०५ बमोजिमको सजाय,

(ख) अन्य सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना।

(६) सामूहिक रूपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, पूर्ण अशक्त वा अति अशक्त अपाङ्गता भएको वा शारीरिक वा मानसिक रूपमा अस्वस्थ व्यक्तिलाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछ।

तर पूर्ण अशक्त अपाङ्गता भएकी महिला भएमा उपदफा (३) को खण्ड (क) बमोजिमको सजाय हुनेछ।

(७) कसैले हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा सजाय हुने रहेछ भने यस परिच्छेद बमोजिमको सजायमा हाडनाताको करणीमा हुने सजाय समेत थप हुनेछ।

तर जन्म कैदको सजाय हुनेमा थप सजाय हुने छैन।"

४८. <u>**मूल संहितामा दफा २१९क. थपः**</u> मूल संहिताको दफा २१९ पछि देहायको दफा २१९क. थपिएको छः-

"२१९क. <u>वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा जबर्जस्ती करणी गर्न नहुनेः</u> (१) दफा २१९ मा जुनसुकै कुरा लेखिएको भए तापनि वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा कसैले कसैलाई जबर्जस्ती करणी गरेमा तीन वर्षसम्म कैद हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तर देहायको अवस्थालाई पति पत्नीबिच वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैनः-

(क) मानो छुट्टिई अंश मुद्दा चलेको,

(ख) अंश लिई छुट्टै बसेको,

(ग) सम्बन्ध विच्छेद मुद्दा चलेको।

(२) उपदफा (१) बमोजिमको अवस्थामा पीडितको निवेदन माग बमोजिम आवश्यक भएमा अदालतले देहाय बमोजिमको आदेश जारी गर्न सक्नेछः—

(क) पीडितलाई निज बसी आएको घरमा नै बसोवास गर्न दिन, पीडितलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन,

(ख) पीडितलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन,

(ग) दुवैलाई एकै ठाउँमा बसोवास गर्न उपयुक्त हुने नदेखिएमा अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,

(घ) पीडितलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न।"

४९. **<u>मूल संहिताको दफा २२८ मा संशोधनः</u>** मूल संहिताको दफा २२८ को सट्टा देहायको दफा २२८ राखिएको छः-

"२२८. <u>क्षतिपुर्ति भराई दिनु पर्नेः</u> (१) दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरवाट पीडित व्यक्तिलाई कसुरदारलाई सजाय निर्धारण गर्दा निजबाट क्षतिपुर्ति भराई दिनु पर्नेछ।

(२) देहाय बमोजिम सजाय भएको कसुरदारवाट देहाय भन्दा कम नहुने गरी क्षतिपुर्ति भराउनु पर्नेछः-

(क) दफा २१९ को उपदफा (३) को खण्ड (१) को उपखण्ड (क) वा (ख) बमोजिम सजाय भएमा सातलाख रुपैयाँ।

(ख) दफा २१९ को उपदफा (३) को खण्ड (१) को उपखण्ड (ग) वा (घ) बमोजिम सजाय भएमा पाँच लाख रुपैयाँ।

(ग) दफा २१९ को उपदफा (३) को खण्ड (१) को उपखण्ड (ङ) तथा अन्य दफा बमोजिम सजाय भएमा तीनलाख लाख रुपैयाँ।

(३) कसुरदारको कुनै सम्पत्ति नभएको कारण पीडितले क्षतिपुर्ति नपाउने अवस्था भएमा त्यस्तो पीडितलाई अपराध पीडित संरक्षण कोषबाट उल्लिखित क्षतिपुर्ति भराई दिनु पर्नेछ।"

५०. **<u>मूल संहिताको दफा २२९ मा संशोधनः</u>** मूल संहिताको दफा २२९ को उपदफा (२) मा रहेको "२१९" पछि "२१९क.," थपिएको छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

५१. <u>**मूल संहिताको दफा २३५ मा संशोधनः**</u> मूल संहिताको दफा २३५ को उपदफा (२) को खण्ड (क) मा रहेका "ज्यान मारेको सरह" भन्ने शब्दहरूको सट्टा "जन्म कैद" भन्ने शब्दहरू राखिएका छन्।

५२. <u>**मूल संहिताको दफा २४४ मा संशोधनः**</u> मूल संहिताको दफा २४४ को उपदफा (२) को खण्ड (घ) मा रहेका "चोरी गरेमा" भन्ने शब्दहरूको सट्टा "जोरजुलुम गरी चोरी गरेमा" भन्ने शब्दहरू राखिएका छन्।

५३. <u>**मूल संहितामा दफा २४५क. थपः**</u> मूल संहिताको दफा २४५ पछि देहायको दफा २४५क. थपिएको छः-

"२४५क. <u>चोरी गरेको वस्तु वा सम्पत्ति धनीलाई फिर्ता गर्नु पर्नेः</u> चोरी सम्बन्धी कसूरमा बरामद भएको चोरी गरेको वस्तु वा सम्पत्ति धनी पत्ता लागेमा सोको विवरण खुलाई त्यस्तो चोरीको सम्पत्ति तत्काल सम्बन्धित धनीलाई फिर्ता गर्नु पर्नेछ।"

५४. <u>**मूल संहिताको दफा २४६ मा संशोधनः**</u> मूल संहिताको दफा २४६ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "तर दश हजार रुपैयाँ नगद वा दश हजार रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "पचास हजार रुपैयाँ नगद वा पचास हजार रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

५५. <u>**मूल संहिताको दफा २४६क. मा संशोधनः**</u> मूल संहिताको दफा २४६क. को,-

(१) उपदफा (१) मा रहेका "सरकारी, सार्वजनिक वा निजी वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी प्राप्त गरेको वस्तु" भन्ने शब्दहरूको सट्टा "वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी प्राप्त गरेको त्यस्तो वस्तु" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर चोरीको वारदातमा संलग्न नभई चोरीको सामान हो भन्ने जानी जानी राख्ने वा खरिद गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयासम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

(३) उपदफा (२) र (३) झिकिएका छन्।

५६. <u>**मूल संहिताको दफा २४९ मा संशोधनः**</u> मूल संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (क), (ख) र (ग) मा रहेका "कैद र" भन्ने शब्दहरू पछि "बिगो खुलेकोमा बिगोको पच्चिस प्रतिशत र नखुलेकोमा" भन्ने शब्दहरू राखिएका छन्।

५७. <u>**मूल संहिताको दफा २५३ मा संशोधनः**</u> मूल संहिताको दफा २५३ को उपदफा (३) को खण्ड (ख) मा रहेका "तीन वर्षसम्म कैद र तीस हजार रुपैंयासम्म" भन्ने शब्दहरूको सट्टा "चार वर्षसम्म कैद र चालिस हजार रुपैंयासम्म" भन्ने शब्दहरू राखिएका छन्।

५८. <u>**मूल संहिताको दफा २७६ मा संशोधनः**</u> मूल संहिताको दफा २७६ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) यस परिच्छेद बमोजिम कसूरदारले कीर्ते कार्य गर्न वा बनाउन प्रयोग गरेका औजार, साधन, उपकरण र बनाएका सबै चिज वस्तुहरु जफत गरिनेछ।"

५९. <u>**मूल संहिताको दफा २७८ मा संशोधनः**</u> मूल संहिताको दफा २७८ झिकी सो पछि देहायको दफा २७८क. थपिएको छः-

"२७८क. <u>करकापमा पारी लिखत गर्न वा गराउन नहुने</u>ः (१) कसैले कसैलाई करकापमा पारी कुनै पनि व्यहोराको लिखत गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(३) करकापसँग गराएको लिखत प्रारम्भ देखि नै शून्य हुनेछ।"

६०. **<u>मूल संहिताको दफा २८३ मा संशोधनः</u>** मूल संहिताको दफा २८३ मा रहेका "सार्वजनिक लिखत कीर्ते गरेकोमा" भन्ने शब्दहरू पछि "जहिलेसुकै र अन्य लिखत कीर्ते गरेकोमा" भन्ने शब्दहरू राखिएका छन्।

६१. **<u>मूल संहिताको दफा २८७ मा संशोधनः</u>** मूल संहिताको दफा २८७ को,-

(१) उपदफा (१) मा रहेका "कुनै कसूर गरी प्राप्त गरेको सम्पत्ति" भन्ने शब्दहरूको सट्टा "यस संहितामा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक कुनै कसूर गरी प्राप्त गरेको सम्पत्ति" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "पाँच वर्ष" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षसम्म" भन्ने शब्दहरू राखिएका छन्।

६२. **<u>मूल संहितामा दफा ३००क. थपः</u>** मूल संहिताको दफा ३०० पछि देहायको दफा ३००क. थपिएको छः-

"३००क. <u>अवाञ्छित हैरानी दिन नहुने</u>ः (१) कसैले कुनै व्यक्तिलाई देहायको काम गरी अवाञ्छित हैरानी (स्टकिङ्ग) वा साइबर फिसिङ्ग वा ईम्पोष्टर स्क्याम वा साइबर बुलिङ्ग गर्न हुँदैनः-

(क) त्यस्तो व्यक्तिले आपत्ति जनाउँदा जनाउँदै वैयक्तिक अन्तरक्रियाको लागि निजलाई पटक-पटक चिठ्ठी, पत्र लेख्ने, टेलिफोन गरी सताउने,

(ख) विद्युतीय सन्देश पठाउने, ईमेल गर्ने वा सामाजिक सञ्जाल मार्फत निजलाई सताउने,

(ग) निजले अध्ययन वा अध्यापन गर्ने शिक्षण संस्था, आवत जावत गर्ने बाटो, रोजगारी गर्ने कार्यालय, प्रयोग गर्ने सवारी साधन, चिया पसल वा चमेना गृहमा ढुकी निजलाई अन्तरक्रिया गर्न बाध्य गर्ने वा निजको निजी विषयमा अनावश्यक हस्तक्षेप गर्ने वा मनोवैज्ञानिक दबाब दिने,

(घ) कसैले कसैलाई सामाजिक सञ्जालको प्रयोग गरी साइबर स्पेशमा गलत वा हानिकारक दृष्य वा भिडियो वा श्रव्य दृष्य वा सङ्केत पोष्ट गरी वा शेयर गरी अपमान गर्ने वा मानमर्दन गर्ने वा अफवाह फैलाउने वा भ्रामक सूचनाको प्रचार प्रसार गर्ने लगायतको साइबर बुलिङ्ग गर्न गराउन हुँदैन।

(ङ) विद्युतीय सञ्चार माध्यबाट कुनै कुरा सत्य हो भन्ने विश्वासमा पारी कुनै व्यक्तिको युजर नेम वा पासवर्ड, क्रेडिट कार्ड नम्बर, बैङ्क एकाउण्ट

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

जस्ता संवेदनशील सूचना प्राप्त गर्ने वा गराउने कार्य जस्तो साइबर फिसिङ्ग गर्नु हुँदैन।

(च) कुनै व्यक्तिले अरू कसैबाट पैसा वा व्यक्तिगत विवरण चोर्ने उद्देश्यले फोन वा इमेल वा विद्युतीय उपकरण वा प्रणालीद्वारा आफू चिनजान भएको वा विश्वास गर्न योग्य व्यक्ति भएको भन्ने विश्वासमा पारी उपहार वा पुरस्कार पठाउन व्यक्तिगत पासवर्ड वा संवेदनशील जानकारी लिने वा यस्तै कुनै कुराको जानकारी लिएर पछि रकम माग गर्ने वा गराउने जस्तो इम्पोष्टर स्क्याम गर्न गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ। कसैले छद्म नामबाट वा आफ्नो नामबाहेक अन्य कसैको नामबाट उपदफा (१) मा लेखिएको कुनै कार्य गरेको भए थप एक वर्ष कैद हुनेछ।

(३) उपदफा (२) बमोजिम सजाय गर्दा कसूरदारबाट पीडित व्यक्तिलाई परेको मनोवैज्ञानिक असर तथा अन्य क्षतिसमेतलाई विचार गरी प्रत्यक्ष हानी नोक्सानी नभएकोमा सो रकम भराई एक लाखदेखि दश लाखसम्म क्षतिपूर्ति भराई दिनु पर्नेछ। कसैले छद्म नामबाट वा आफ्नो नामबाहेक अन्य कसैको नामबाट उपदफा (१) मा लेखिएको कुनै कार्य गरेको भए थप पाँच लाख क्षतिपूर्ति दिनु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडित र कसूरदारबीचमा मिलापत्र भएमा उल्लेख गरिए बमोजिम सजाय वा क्षतिपूर्ति भराउनु पर्ने छैन।

(५) उपदफा (१) मा उल्लेख भएको कार्य कुनै सार्वजनिक पदाधिकारी वा सार्वजनिक व्यक्तित्व विरुद्ध गरिएको भए जो सुकैले उजुरी गर्न सक्नेछ।"

## विधेयकमा सर्वसाधारणले राय सुझाव दिने सम्बन्धी ढाँचा

१. सुझाव दिने व्यक्तिको नाम, थरः

२. सम्पर्क नम्बर/इमेलः

३. विधेयकको नामः

४. सुझावः

(क) सम्बन्धित दफा/उपदफाः

(ख) सुझाव र सो को कारणः